# सम्झौता पत्र

मिति:

लिखितम् ..................................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. .......... मा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता कायम रहेको ..........................................प्रा.लि. (प्रा.लि.दर्ता नम्बर-.......................................) को तर्फबाट अख्तियार प्राप्त संचालक श्री .........................., (यसपछि प्रथम पक्ष भनि सम्बोधन गरिएको) र ..................................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं........., ................, ......................स्थाई ठेगाना रहेको .......................................प्रा. लि. (प्रा.लि.दर्ता नम्बर-..................................), (यसपछि दोस्रो पक्ष भनि सम्वोधन गरिएको) का बिचमा प्रस्ताव र स्वीकृति जनाई प्रतिफल समेत बुझी देहायका शर्तहरुको अधिनमा रहने गरी नेपाल सरकारको कानून बमोजिम यो सम्झौता तयार गरी बसी लेखि लेखाई हाम्रो राजीखुसीले सहीछाप गरि एक/एक प्रति लियौं/दियौं ।

**तपसील**

१. प्रथम पक्षले निर्माण गर्ने नेपाली कथानक चलचित्र ............................मा दोस्रो पक्षले **प्रकाश संयोजन**का लागि आवश्यक सामानहरु (सामानहरुको लिस्ट छुट्टै कागजमा यसै सम्झौतामा टाँस गरिएको छ) उपलव्ध गराउनेकुरामा कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

२. यो सम्झौता पत्र मिति बि.सं. ..........साल ............महिना ........... गतेबाट लागु भई बि.सं........... साल ............... महिना ......... गते सम्म कायम रहने छ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

३. उल्लेखित सामग्रीको भाडाका सम्वन्धमा, प्रथम पक्षले निर्माण गर्ने यस चलचित्रमा उल्लेखित सामग्री उपलव्ध गराए बापत प्रथम पक्षबाट दोस्रो पक्षले रु.....................(अक्षरेपी..............................................रुपैयाँ मात्र) दस्तुर पाउने र दोस्रो पक्षले प्रथम पक्षलाई उक्त रकम बराबरको भ्याट बिल दिने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

४. भुक्तानीका सम्वन्धमा, सम्झौता पत्रमा हस्ताक्षर गर्दाको समयमा रु....................(अक्षरेपी ...............................................) र सुटिङ समाप्त भएपछि बाँकी रकम ......................... (अक्षरेपी ............................................रुपैयाँ) प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराउने कुरामा सहमति गरियो ।

५. चलचित्रको सुटिङ भैरहेको अवस्थामा कुनै लाईट, ट्रली, क्रेन लगायत अन्य सामग्री बिग्रेमा दोस्रो पक्षले त्यसको सट्टा अर्को सामग्री यथासक्य छिटो उपलव्ध गराउने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

६. प्रथम पक्षको लापरवाहीले दोस्रो पक्षले प्रथम पक्षलाई उपलव्ध गराएका सामग्री बिग्रेको खण्डमा त्यसको उचित मर्मत प्रथम पक्षले गरिदिनु पर्ने कुरामा पनि दुबै पक्षवीच सहमति गरियो । तर दोस्रो पक्षले खटाएका केयर टेकरको लापरवाहीले कुनै हानी नोक्सानी भएमा भने प्रथम पक्ष जवाफदेही हुने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

७. यस चलचित्रमा तोकिएको कार्य गर्दा दोस्रो पक्षले हाल विद्यमान सरकारी निकायले जारी गरेका वा भविष्यमा जारी गर्ने चलचित्र सम्वन्धि कानुन, नियम वा विनियम लगायत सम्पूर्ण कानुनी व्यवस्थाको पालना गर्नुपर्ने छ । दोस्रो पक्ष उपरको कुनै कानुनी कारवाही, दण्ड, जरिवानका लागि प्रथम पक्ष जवाफदेही हुने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

८. प्रथम पक्षको लगानीमा निर्माण गरिएको यस चलचित्रको प्रतिलिपि सम्वन्धिको सम्पूर्ण अधिकार तथा यो चलचित्र देश विदेशमा विक्री वितरण गर्दा हुने आम्दानी, चलचित्र भवनमा प्रदर्शन गर्दा हुने आम्दानी, विभिन्नच्यारिटी शोहरुबाट हुने आम्दानी तथा अहिले विद्यमान र भविष्यमा आउने कुनै पनि डिजिटल माध्याम र अन्य कुनैपनि माध्यमबाट हुने कुनैपनि प्रकारको आम्दानी प्रथम पक्षकै हुनेछ भन्ने कुरामा दुबै पक्षबीच सहमति गरियो । साथै

दोस्रो पक्षबाट प्राप्त भएको कामलाई प्रथम पक्षले कुनै पनि माध्यममा प्रयोग गर्न पाउनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

९.चलचित्र छायांकनको क्रममा प्रथम पक्षको अनुमतिबिना चलचित्रसँग सम्वन्धित कुनैपनि खालका तस्वीर खिचेर सामाजिक सञ्जालमा राख्न अथवा अन्य कुनैपनि माध्यमबाट तिनको प्रचार प्रसार गर्न पाइने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

१०.प्रथम पक्ष र दोस्रो पक्षको सहमतिमा यो सम्झौता फेर बदल गर्न सकिने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौँ ।

११.यो सम्झौतामा लेखिएको यसै सम्झौताअनुसार र यसमा नभएको कुरामानेपाल सरकारको प्रचलित ऐन कानुन अनुसार हुनेछ ।१२.माथि लेखिएबमोजिमको शर्त बन्देजहरुको परीपालना गर्नमा हामी दुवैथरिबाट मञ्जुर गरेका छौं । मुकाम म.न.पा./उप म.न.पा./न.पा./गा.पा. वडा नम्बर ......, .......................हो ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| **नामः** ...................................................... | **नामः** ......................................................... |
| **दर्जाः सञ्चालक/निर्माता** | **दर्जाः सञ्चालक** |
| **कम्पनीको नामः** .......................................... | **कम्पनीको नामः** ............................................ |
| **सम्पर्क नम्बरः** ............................................ | **सम्पर्क नम्बरः** .............................................. |
| **इमेल ठेगानाः** .............................................. | **इमेल ठेगानाः** ................................................ |
| **दा. हस्ताक्षर बा.** | **दा. हस्ताक्षर बा.** |

**साक्षीहरु**

(क) .........................................

(ख) ..........................................

(ग) मस्यौदाकर्ताः अधिवक्ता– ...............................................
प्रमाणपत्र नम्बरः ....................................

इति सम्वत् २०........... साल ................. महिना .... गते ..... रोज शुभम्